**शिक्षक पदको बढुवा र खुला विज्ञापनको दरखास्त संकलन तथा व्यवस्थापन सम्बन्धी सबै जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाईका लागि निर्देशन**

**क) आन्तरिक प्रतियोगितात्मक (२५%) र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा (७५%) को सम्बन्धमा :**

**१.** विज्ञापनको सूचना र आयोगको निर्देशनलाई आधार मानी दरखास्त सङ्कलन, रुजु, स्वीकृत गरी आन्तरिक प्रतियोगितात्मक (२५**%**) बढुवाको हकमा प्रवेशपत्र वितरण गरी सबै दरखास्त फारामहरू सुरक्षितसाथ राख्न पर्नेछ ।

२. रीतपूर्वकको दरखास्त देहायको ढाँचामा विज्ञापनगत रुपमा दर्ता किताबमा छुट्टाछुट्टै (१२ वटा) दर्ता गर्नु पर्नेछ । उक्त ढाँचाको विवरण आयोगबाट उपलब्ध गराइएको निम्नानुसारको ढाँचामा Excel फाइलमा Unicode फण्टमा टाइप गरी Hardcopy र Electronic copy दुबै दरखास्त बुझाउने म्याद समाप्त भएको मितिले ७ दिनभित्र आयोगमा उपलब्ध गराउनु पर्नेछ । साथै, Electronic copy इमेलः tscapplication1@gmail.com मा पठाउनु पर्नेछ ।

**जिल्ला :** **विज्ञापन नं.** **तह :** **प्रतिस्पर्धा गर्ने श्रेणी :**

| दर्ता नं. | दर्ता मिति | रोल नम्बर | उम्मेदवारको नाम, थर | जन्म मिति ( साल/महिना/गते | शिक्षकको संकेत नम्बर | स्थायी अध्यापन अनुमति नं. | हालको स्थायी ठेगाना | नागरिकता नं. | जारी भएको जिल्ला र मिति | न्यूनतम शैक्षिक योग्यता | माथिल्लो शैक्षिक योग्यता | १० महिने वा सो भन्दा माथिल्लो तालिम | टिपिडी तालिम | मोबाइल नं. | राजश्व बुझाएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | बैंक भौचर नं. | रकम | |
| | | | | | | | | | | | | | | | | | |

नोट : कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा (७५**%**) को हकमा रोल नं. कायम गर्नु पर्ने छैन ।

३. आन्तरिक प्रतियोगितातर्फका सबै तह र श्रेणीमा रोल.नं. **आठ अङ्क**को कायम गर्नुपर्ने छ । रो.नं. कायम गर्दा क्रमश : दुई अङ्कको जिल्ला कोड, एक अङ्कको तह कोड, एक अङ्कको श्रेणी कोड र चार अङ्कको रो.नं. कायम गर्नुपर्ने छ ।
उदाहरणका लागिः

| दरखास्त सङ्कलन केन्द्र | जिल्ला कोड नं. | तह | तह कोड | श्रेणी कोड | पहिलो क्रमाङ्क | कायम हुने पहिलो रोल नं. |
|---|---|---|---|---|---|---|
| झापा | ०४ | प्रावि प्रथम | १ | १ | ०००१ | ०४११०००१ |
| | | प्रावि द्वितीय | १ | २ | ०००१ | ०४१२०००१ |
| | | निमावि प्रथम | २ | १ | ०००१ | ०४२१०००१ |
| | | निमावि द्वितीय | २ | २ | ०००१ | ०४२२०००१ |
| | | मावि प्रथम | ३ | १ | ०००१ | ०४३१०००१ |
| | | मावि द्वितीय | ३ | २ | ०००१ | ०४३२०००१ |

**(ख) सबै तहको शिक्षक पदको खुला विज्ञापनको सम्बन्धमा :**

**१.** विज्ञापनको सूचना र आयोगको निर्देशनलाई आधार मानी दरखास्त सङ्कलन, रुजु, स्वीकृत गरी प्रवेशपत्र वितरण गर्नुका साथै सबै दरखास्त फारामहरू सुरक्षितसाथ राख्नु पर्नेछ ।

**२.** मिति २०७३ असार १५ गतेभन्दा अघिल्लो दिनसम्म नियुक्ति भई दरखास्त फाराम पेश गर्ने मितिसम्म राहत शिक्षकको रुपमा कार्यरत शिक्षकलाई सम्बन्धित तहमा दरखास्त पेश गर्न उमेरको हद लाग्ने छैन ।

**३. दश महिने तालिम अनिवार्य छ । तर देहायका व्यक्तिहरु तालिम नभएपनि उम्मेदवार हुन सक्नेछन् :**

क) विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन र वाली विज्ञान विषयमा स्नातक गरी स्थायी अध्यापन अनुमति प्राप्त गरेको व्यक्ति माध्यमिक तहको सम्बन्धित विषयमा मात्र उम्मेदवार हुन ।

ख) कार्यरत स्थायी शिक्षक ।

ग) प्राथमिक तहको लागि अपाङ्गता भएको व्यक्ति ।

**४.** प्राथमिक तहमा जुन जिल्लाको पदमा प्रतिस्पर्धा गर्ने हो सोही जिल्लामा नै दरखास्त बुझाउनु पर्नेछ । निम्नमाध्यमिक तथा माध्यमिक तहको हकमा जुन क्षेत्रको पदमा प्रतिस्पर्धा गर्ने हो सोही क्षेत्रभित्रको कुनै जिल्लामा दरखास्त बुझाउनु पर्नेछ ।

५. सम्वत् **२०३५ साल असार २९** गते भन्दापछाडि जन्ममिति भएको व्यक्ति प्राथमिक तहमा र **२०३५ साल असार ३०** गते भन्दापछाडि जन्ममिति भएको व्यक्ति निम्न माध्यमिक र माध्यमिक तहमा उम्मेदवार हुन सक्ने छन् ।

६. रीतपूर्वकको दरखास्त देहायको ढाँचामा प्राथमिक तहको जिल्लागत रुपमा र निम्नमाध्यमिक तथा माध्यमिक तहको विषयगत रुपमा दर्ता किताबमा छुट्टाछुट्टै दर्ता गर्नु पर्नेछ । उक्त ढाँचाको विवरण आयोगबाट उपलब्ध गराइएको निम्नानुसारको ढाँचामा Excel फाइलमा Unicode फण्टमा टाइप गरी Hardcopy र Electronic copy दुबै दरखास्त बुझाउने म्याद समाप्त भएको मितिले ७ दिनभित्र आयोगमा उपलब्ध गराउनु पर्ने छ । साथै, Electronic copy इमेलः tscapplication1@gmail.com मा पठाउनु पर्नेछ ।

**जिल्ला :** **विकास क्षेत्र :** **तह :** **विषय (मावि/निमाविको हकमा) :**

| दर्ता नं. | दर्ता मिति | रोल नम्बर | उम्मेदवारको नाम, थर | जन्म मिति (साल, महिना, गते) | हालको स्थायी ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | न्यूनतम शैक्षिक योग्यता | माथिल्लो शैक्षिक योग्यता | १० महिने तालिम | टिपिडी तालिम | स्थायी अध्यापन अनुमति पत्र नं. | बुबामाको नाम, थर | दरखास्त स्वीकृत भएको समूह र विज्ञापन नम्बर | | | | | | | | | राजश्व बुझाएको | | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | खुला (वि.नं......) | महिला वि.नं......) | दलित महिला वि.नं......) | मुस्लिम महिला वि.नं......) | आदिवासी/जनजाती वि.नं......) | मधेशी वि.नं......) | दलित वि.नं......) | अपाङ्गता वि.नं......) | पिछडिएको क्षेत्र वि.नं......) | भौचर नं. | रकम | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नोट : क) जुन समूह र विज्ञापन नं. मा फाराम स्वीकृत भएको हो, सोही महलमा ठीक (√) चिन्ह लगाउने ।

ख) राजश्वको रकम समूहगत रुपमा भरिएको दरखास्त अनुसार ठीक भए नभएको यकिन गर्ने ।

७. प्रावि तहमा **आठ अङ्क**को र मा.वि./नि.मा.वि. तहमा **दश अङ्क**को रोल नं. कायम गर्नुपर्ने छ । प्रा.वि.तहमा क्रमश : दुई अङ्कको जिल्ला कोड, एक अङ्कको तह कोड र पाँच अङ्कको रो.नं. कायम गर्नुपर्ने छ । निम्नमाध्यमिक र माध्यमिक तहमा क्रमश : दुई अङ्कको जिल्ला कोड, एक अङ्कको तह कोड, दुई अङ्कको विषय कोड र पाँच अङ्कको रो.नं. कायम गर्नुपर्ने छ ।

**उदाहरणका लागि :**

**क) प्राथमिक तहको लागि :**

| दरखास्त सङ्कलन गर्ने जिल्ला | जिल्ला कोड नं. | तह कोड | परीक्षार्थीको क्रमाङ्क | कायम हुने पहिलो सिम्बोल नम्बर |
|---|---|---|---|---|
| झापा | ०४ | १ | ०००़०१ | ०४१०००़०१ |

ख) निमावि तह नेपाली विषयको लागि : :

| दरखास्त सङ्कलन गर्ने जिल्ला | जिल्ला कोड नं. | तह कोड | बिषय कोड | परीक्षार्थीको क्रमाङ्क | कायम हुने पहिलो रोल नं. |
|---|---|---|---|---|---|
| कञ्चनपुर | ७७ | २ | ०१ | ००००१ | ७७२०१००००१ |

ग) मावि तह गणित विषयको लागि :

| दरखास्त सङ्कलन गर्ने जिल्ला | जिल्ला कोड नं. | तह कोड | बिषय कोड | परीक्षार्थीको क्रमाङ्क | कायम हुने पहिलो रोल नं. |
|---|---|---|---|---|---|
| धनुषा | २० | ३ | ०३ | ००००१ | २०३०३००००१ |

८. समावेशीतर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :

क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको प्रतिलिपिको आधारमा र सोही ऐनमा सुचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

ख) तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित भएको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित गरेको कागजात ।

ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित भएको कागजात ।

घ) अपाङ्गता परिचय पत्र हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाजकल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित भएको कागजात ।

ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी उक्त जिल्लाहरुबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट स्थायी बसोबास भएको हो भनी प्रमाणित गरेको कागजात ।

९. समावेशीतर्फ आदिवासी/जनजाति, मधेशी, दलित समुदायकामध्ये एकभन्दा बढी समूहमा पर्ने उम्मेदवारले उल्लेखित समुहमध्ये कुनै एक समुहमा मात्र उम्मेदवार हुन सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन । अपाङ्ग र पिछडिएको क्षेत्रले तत्तत् समुहमा उम्मेदवार हुन सक्नेछन् ।

उदाहरणका लागि :

| **समावेशी** | **खुला** | **महिला** | **आदिवासी/जनजाति** | **मधेशी** | **दलित** | **अपाङ्गता** | **पिछडिएको क्षेत्र** |
|---|---|---|---|---|---|---|---|
| पुरुष | पाउने | नपाउने | तत्समूहमा पर्नेहरुले यीमध्ये कुनै एक समूहमा पाउने | | | भए पाउने | भए पाउने |

१०. प्रकाशित विज्ञापन तथा सूचना अध्ययन गरी फाराममा निर्दिष्ट विवरणहरु ठीक ढंगले भरेको यकिन गरेर मात्र दरखास्त स्वीकृत गर्ने ।

११. विज्ञापनमा उल्लेख गरिएकादेखि बाहेक अन्य असम्बन्धित कागजातहरु दरखास्त फाराममा संलग्न नगर्ने ।

१२. सबै तहको खुलातर्फको विज्ञापनमा शिक्षा ऐन, (नवौं संशोधन) २०२८ को दफा ११च. बमोजिम बाँकी रहेको २५% रिक्त पद, अस्थायी शिक्षकको विज्ञापनमा दरखास्त नपरी वचत भएका रिक्त पद र २०७२/६/३ देखि २०७४ फागुन मसान्तसम्म रिक्त रहेका सबै पदहरुलाई समावेश गरिएको छ।

१३. दर्ता कितावमा विवरण इन्ट्री गर्नका लागि जिल्लाकोड, तह कोड र विषयकोड देहाय बमोजिम कायम गरिएको छ।

**क) तह कोड :**

प्राथमिक तह १, निम्नमाध्यमिक तह २ र माध्यमिक तहका लागि ३

**ख) जिल्ला कोड :**

| जिल्ला | कोड | जिल्ला | कोड | जिल्ला | कोड | जिल्ला | कोड |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | 01 | महोत्तरी | 21 | कास्की | 41 | डोल्पा | 61 |
| पाँचथर | 02 | सर्लाही | 22 | तनहुँ | 42 | कालिकोट | 62 |
| इलाम | 03 | सिन्धुपाल्चोक | 23 | स्याङ्जा | 43 | जुम्ला | 63 |
| झापा | 04 | रसुवा | 24 | नवलपरासी | 44 | जाजरकोट | 64 |
| संखुवासभा | 05 | नुवाकोट | 25 | पाल्पा | 45 | दैलेख | 65 |
| तेह्रथुम | 06 | धादिङ | 26 | गुल्मी | 46 | सुर्खेत | 66 |
| धनकुटा | 07 | काभ्रेपलाञ्चोक | 27 | अर्घाखाँची | 47 | बाँके | 67 |
| भोजपुर | 08 | भक्तपुर | 28 | रुपन्देही | 48 | वर्दिया | 68 |
| मोरङ | 09 | काठमाण्डौं | 29 | कपिलवस्तु | 49 | बाजुरा | 69 |
| सुनसरी | 10 | ललितपुर | 32 | मुस्ताङ | 50 | बझाङ | 70 |
| सोलुखुम्बु | 11 | मकवानपुर | 33 | म्याग्दी | 51 | अछाम | 71 |
| खोटाङ | 12 | चितवन | 34 | वाग्लुङ | 52 | डोटी | 72 |
| ओखलढुङ्गा | 13 | रौतहट | 35 | पर्वत | 53 | कैलाली | 73 |
| उदयपुर | 14 | वारा | 36 | रुकुम | 54 | दार्चुला | 74 |
| सप्तरी | 15 | पर्सा | 37 | रोल्पा | 55 | वैतडी | 75 |
| सिरहा | 16 | गोरखा | 38 | सल्यान | 56 | डडेल्धुरा | 76 |
| दोलखा | 17 | मनाङ | 39 | प्युठान | 57 | कञ्चनपुर | 77 |
| रामेछाप | 18 | लमजुङ | 40 | दाङ | 58 | | |
| सिन्धुली | 19 | | | हुम्ला | 59 | | |
| धनुषा | 20 | | | मुगु | 60 | | |

**ग) विषयकोड :**

| सि.न. | विषय कोड | विषय | |
|---|---|---|---|
| | | **माध्यमिक तह** | **निम्न माध्यमिक तह** |
| १ | ०१ | नेपाली | नेपाली |
| २ | ०२ | अंग्रेजी | अंग्रेजी |
| ३ | ०३ | गणित | गणित |
| ४ | ०४ | विज्ञान | विज्ञान |
| ५ | ०५ | सामाजिक शिक्षा वा सामाजिक वा सामाजिक अध्ययन | सामाजिक शिक्षा वा सामाजिक वा सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| ६ | ०६ | स्वास्थ्य जनसंख्या र वातावरण | |
| ७ | ०८ | भुगोल | |
| ८ | ०९ | अर्थशास्त्र | |
| ९ | १२ | लेखा वा कार्यालय सञ्चालन र लेखा | |
| १० | १३ | कृषि वा कृषि शिक्षा | |
| ११ | १४ | शिक्षा | |
| १२ | १५ | स्वास्थ्य शारीरिक वा स्वास्थ्य तथा शारीरिक शिक्षा | स्वास्थ्य शारीरिक वा स्वास्थ्य तथा शारीरिक शिक्षा |
| १३ | १६ | स्वास्थ्य | |
| १४ | १८ | संस्कृत वेद वा वेद | |
| १५ | १९ | | गणित विज्ञान |
| १६ | २० | संस्कृत व्याकरण | |
| १७ | २१ | संस्कृत भाषा | संस्कृत भाषा |
| १८ | २२ | जनसंख्या | |
| १९ | २३ | ज्योतिष | |

| | | | |
|---|---|---|---|
| २० | २४ | कम्प्युटर विज्ञान | कम्प्युटर विज्ञान वा कम्प्युटर |
| २१ | २५ | | पुर्वव्यावसायिक शिक्षा पेशा व्यावसाय वा पेशा व्यावसाय र प्रविधि शिक्षा |
| २२ | २८ | संस्कृत साहित्य | |
| २३ | २९ | कर्मकाण्ड | |
| २४ | ३० | न्याय | |

१४. देहायका अंचल अन्तर्गतका जिल्लाहरुले बढुवा तथा खुला तर्फको प्रकाशित विज्ञापन सम्बन्धमा आयोगमा सम्पर्क गर्नुपर्दा देहायअनुसार गर्नु हुन अनुरोध छ ।

| तोकिएका अञ्चल | नाम, थर | मोबाइल नम्बर | इमेल |
|---|---|---|---|
| मेची, कोशी | वीरसिंह धामी | ९८५११५६६८४ | birsingdhami@gmail.com |
| सगरमाथा, जनकपुर | अनिल मिश्र | ९८५११०४४८२ | anilmishra2165@gmail.com |
| नारायणी | निर्मलकुमार घिमिरे | ९८५११५१८५५ | nirmire@yahoo.com |
| बाग्मती | दामोदर आचार्य | ९८५१२१४३६३ | acharyad67@gmail.com |
| गण्डकी, धौलागिरी | दिलिपकुमार ठाकुर | ९८६०६८५७०६ | thakurdk15@gmail.com |
| लुम्बिनी, राप्ती | भरतवहादुर श्रेष्ठ | ९८४१३१८७१६ | shresthabb2015@gmail.com |
| भेरी, कर्णाली | द्वारिकाप्रसाद पोखरेल | ९८५११८२२७८ | dwarikapokharel164@gmail.com |
| सेती, महाकाली | रामप्रसाद पाण्डे | ९८४१४००३३७ | panday_ramprasad@yahoo.com |